**मिति २०७७ फागुन १३ गते (वि.सं. २०७७।११।१३) बिहिबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०१औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

दाङ्ग जिल्ला तुलसीपुर उपमहानगरपालिका वडा नं.५बस्ने यमुना कंडेल शाह बिरुद्ध तुलसीपुर उपमहानगरपालिकका प्रमुख श्री घनश्याम पाण्डे ,तुलसीपुर दाङ्ग भएको श्री उच्च अदालत तुलसीपुर दाङ्गबाट मिति २०७७।११।१३ गते म्याद तामेल भएको मुद्धा नं. ०७७-Wo-००४० मा प्रतिउत्तर दर्ता गर्न र तारेखमा समेत रहनका लागि यस कार्यालयको कानुनी मामिला शाखामा कार्यरत कानुन अधिकृत श्री आँचल बगालेलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

**निर्णय नं २.**

तुलसीपुर उपमहानगरपालिकाकाको आर्थिक बर्ष २०७७/०७८ ठेक्का नं. ३ सार्बजनिक शौचालय,पार्किङ्ग र प्रवेश तथा निकासी सम्बन्धमा तुलसीपुर उपमहानगरपालिका आर्थिक समितिले आवश्यक अध्ययन बिश्लेषण गरी कार्यपालिका बैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १४ को च.नं.६९८ मिति २०७७।८।१८ गतेको सिफारिस तथा मिति २०७७।८।२२ गते गोरक्ष राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सार्बजनिक सूचना र मिति २०७७।९।२७ गते बसेको वातावरण तथा बिपद ब्यवस्थापन समितिको बैठकको निर्णय बमोजिम स्थानीय ब्यक्तिहरुलाई रोजगार दिने , IEEस्वयं उद्योगधनिले गर्ने र उद्योगमा आवत जावत गर्ने बाटो लगाएतका पुर्बाधारहरु स्वयं उद्योग घनिले निर्माण तथा मर्मत गर्ने गरी तुलसीपुर १४ को केसी ईटा उद्योगलाई दर्ता अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिकाका महिला बालबालिका तथा सामाजिक बिकास शाखाको आ.ब. २०७७/०७८को बार्षिक स्वीकृत कार्यक्रममा आदिबासी,जनजाती,दलित र अल्पसंख्यकको पुरातन पेशा संरक्षणका लागि बीउपुंजि र उद्यमसिलता बिकास सम्बन्धी कार्यक्रममा रु १००००००।(दशलाख) रकम बिनियोजन भएकोमा राप्ती सल्यानी खुकुरी तथा कृषि औजार उद्योगलाई नगरबासी स्थानीय नागरीकलाई स्वरोजगारी समेत उपलब्ध गराउने गरी महिला बालबालिका तथा सामाजिक बिकास शाखाको आ.ब. २०७७/०७८ को बजेट शिर्षक नं. १२ बाट रु ६०००००।(छ लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७७ फागुन १३ गते (वि.सं. २०७७।११।१३) बिहिबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०१औं बैठकका निर्णयहरु :**

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक,सामाजिक,सास्कृतीक बिकास र बिस्तारमा साझेदारीमा काम गर्न ईच्छुक राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ/संस्थाहरु संग संझौता गर्न नगरप्रमुख श्री घनश्याम पाण्डेज्यू लाई अख्तीयारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

पर्यावरणीय दिगो बिकास एवं अनुसन्धान केन्द्र नेपालले तुलसीपुर उपमहानगरपालिका वडा १९ मा लोपोन्मुख पंक्षी गिद्दको संरक्षणको लागि संरक्षण गरेको पशु बृद्ध आश्रम तथा गिद्द रेष्टुरेन्ट व्यवस्थापनाका लागि रु १०००००।(एक लाख उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस तुलसीपुर उपमहानगरपालिकामा चालु आ.ब. २०७७/०७८ मा संचालित योजनाहरु मध्ये सिंचाई नहर , सडकनाला अन्य आर सि.सि. नालाको फर्ममा लगत ईष्टीमेट तथा मुल्याङ्कनको एक तिहाई रकम भुक्तानी गर्ने निर्णय गरियो । साथै अबउप्रान्त संझौताहुने सिंचाई नहर र सडकनालाको संझौता पत्रमा समेत उक्त बुंदा थप गरी सबै उपभोक्ता समितिलाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

तुलसीपुर उपहानगरपालिकामा मा बिभिन्न खेलकुदहरु संचालनका लागि आर्थिक सहयोग माग भएकोले नगरस्तरीय, जिल्ला स्तरीय,प्रदेश स्तरीय र संघीय खेलकुदामा नगरप्रमुखले अधिकतम १०००००।(एक लाख) रकम उपलब्ध गराउन अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

तुलसीपुर उपहानगरपालिकामा वडा नं. १२ वडा कार्यालयको च.नं. २१३९ मिति २०७७९।२८ गतेको सिफारिस पत्र तथा तुलसीपुर उपमहानगरपालिका आन्तरिक व्यवस्थापन तथा खरिद ईकाईको स्वीकृत टिप्पणी आदेश बमोजिम तुलसीपुर १२ टरिगाउ हरिपौरी डिप बोरिङ्ग खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई ५० KVA को एक थान ट्रान्सफर्मर उपलब्ध गराउन माग तथा टिप्पणी समेत सदर भएकोले चालु आ.ब.को नगरस्तरीय बजेटबाट उक्त टान्सफर्मर खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ स्थित अक्कासीमा लुम्बिनी प्रदेश सरकारको आर्थिक सहयोगमा अक्कासी स्मार्ट कृषि गाउ कार्यक्रम अन्तरगत बाखा र बंगुर व्यवसाय संचलानका लागि यस उपमहानगरपालिकाले उक्त कार्यक्रमका लागि प्रदेश सरकारले संझौतामा उल्लेख गरे बमोजिमको अनुदान रकम चालु आ.ब.को नगरस्तरीय बजेटबाट उपलब्ध गराउने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३